नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

सूचना

भूमि सम्बन्धी (आठौं संशोधन) ऐन,२०२१ को दफा १२क.मा हदबन्दी छुटलाई नियमन गर्ने सम्बन्धी विशेष व्यवस्थामा "यो दफा प्रारम्भ हुँदाका बखत निरन्तर संचालनमा रहेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था संचालन गर्न अत्यावश्यक भई यस ऐनमा तोकिएको हदवन्दीभन्दा वढी जग्गा नेपाल सरकारको स्वीकृति नलिई खरीद गरी उपयोग गरिरहेको रहेछ भने यो दफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र एकपटकको लागि हदवन्दीभन्दा वढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ" भन्ने व्यवस्था रहेकोले उक्त प्रयोजनको लागि ऐन प्रारम्भ भएको मिति २०७६।१०।२८ देखि तीन महिनाभित्र तपसिल वमोजिमका कागज प्रमाणहरु संलग्न राखी यस मन्त्रालयमा निवेदन दिनुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

(क) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा दर्ता गरिएको प्रमाणपत्र र नवीकरण पत्रको प्रमाणित प्रतिलिपी,

(ख) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ग) स्वीकृति नलिई खरिद गरिएको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपी,

(घ) नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायसंग कुनै सम्झौता गरेको भए सो सम्झौताको प्रमाणित प्रतिलिपी,

(ङ) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको संस्थापक तथा संचालकको नाम, स्थायी ठेगाना, हाल बसोबास गरेको स्थान खुल्ने कागजातको प्रमाणित प्रतिलिपी,

(च) खरिद गर्नु पूर्व स्वीकृति लिन नसक्नुको मनासिव कारण,

(छ) जग्गा खरिद गरी लिनुको प्रयोजन र सोको उपयोग सम्बन्धमा तयार गरिएको कम्तीमा पाँच वर्षे व्यवसायिक योजना,

(ज) सम्बन्धित उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको संक्षिप्त विवरण (प्रोफाईल),

(झ) कम्तीमा पछिल्लो तीन वर्षको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपी,

(ञ) उद्योग प्रतिष्ठान, कम्पनी वा संस्था दर्ता गर्ने निकायको सिफारिस,

(ट) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था संचालनमा रहेको छ भन्ने स्थानीय तहको सिफारिस र

(ठ) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था आर्थिक वा प्राविधिक कारणले संचालन हुन सक्ने भन्ने व्यहोरा खुल्ने कागजात ।